**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**

मितिः २७ सितम्बर २०२५

समयः १८:५० - १६:०० बजे

**मुख्य समाचार**

- केन्द्र सरकारद्वारा न्यायाधीश सुजय पाललाई कलकत्ता ऊच्च अदालतको कारवाहक न्यायाधीश नियुक्त गर्न अधिसूचना जारी।
- दार्जीलिङ संत्र अदालतद्वारा रंगली रंगलीयट र गिंग हत्या काण्डका आरोपीहरूलाइ आजीवन कारावासको सजाय ।
- प्रधानमंत्री  नरेन्द्र मोदीले भोली मन की बात कार्यक्रममा आफ्ना विचारहरू साझा गर्नुहुनेछ।
- सीमा सुरक्षा बलद्वारा उत्तर २४ परगना जिल्लाका बंगलादेशी सीमाना नजीक सुन तस्करीको भण्डाफोड।
- दार्जीलिङ पहाड़मा पर्यटन तथा होम स्टेहरूलाई टेवा दिन विश्व पर्यटन दिवस पालन।
- सोनम वांगचुको गहिरो सर्म्पक पाकिस्तान तथा भारत विरोधी छिमेकी राष्ट्रहरूसित रहेको लद्दाखका पुलिस महानिदेशकद्वारा खुलासा।

**न्यायाधीश सुजय पल**

केन्द्र सरकारले न्यायाधीश सुजय पललाई कलकत्ता उच्च अदालतको कार्यवाहक मुख्य न्यायाधीश नियुक्त गर्ने सूचना जारी गरेको छ। यो नियुक्ति भारतीय संविधानको धारा २२३ अन्तर्गत गरिएको हो।न्याय मन्त्रालयले हिज साँझ जारी गरेको सूचना अनुसारए राष्ट्रपतिले कलकत्ता उच्च अदालतका वर्तमान न्यायाधीश न्यायाधीश पललाई नियमित नियुक्ति नभएसम्म मुख्य न्यायाधीशको कर्तव्य ग्रहण गर्न अधिकार दिनुभएको छ। उल्लेखनीय छ कि यस महिनाको सुरुमाए  तत्कालीन प्रधान न्यायाधीश टी.एस. शिवगणनमको सेवानिवृत्ति पछि न्यायाधीश सौमेन सेनलाई कार्यवाहक मुख्य न्यायाधीश नियुक्त गरिएको थियो। न्यायाधीश शिवगणनमले दुई वर्षभन्दा अधिक  कार्यकाल पूरा गरेका थिए। यसपछिए सर्वोच्च अदालत कलेजियमले मेघालय उच्च अदालतको मुख्य न्यायाधीशको रूपमा न्यायाधीश सेनलाई सिफारिस गरेको थियोए  जसलाई अब केन्द्र सरकारले अनुमोदन गरेको छ।

**प्रधानमंत्री - मन की बात**

प्रधानमंत्री नरेंद्र मोदीले भोली पुर्वानाह 11 बजे आकाशवाणीमा मन की बात कार्यक्रममा देश-विदेशका मानिसहरु संग आफ्ना विचार साझा गर्नुहुनेछ । यो यस मासिक रेडियो कार्यक्रमको 126 औ एपिसोड हुनेछ । यो  कार्यक्रम आकाशवाणी अनि दूरदर्शनको सम्पूर्ण नेटवर्क, आकाशवाणी समाचार वेबसाइट अनि न्यूज़ ऑन एयर मोबाइल ऐपमा प्रसारित गरिनेछ । यसको सीधा प्रसारण आकाशवाणी समाचार, डीडी न्यूज़, प्रधानमंत्री कार्यालय अनि सूचना तथा प्रसारण मंत्रालयको यूट्यूब चैनलहरुमा गरिने छ । आकाशवाणी हिंदी प्रसारण पश्चात  क्षेत्रीय भाषाहरुमा  कार्यक्रम  प्रसारण गरिनेछ ।

**आजीवन कारावस**

दार्जिलिंग सत्र अदालतले 2024 मा रंगली रंगलिएटमा भएको एउटा जघन्य हत्या काण्डमा आरोपीलाई दोषी ठहराउँदै आजीवन कारावासको सजाय सुनाएको छ। आरोपी कैलास थापाले आफ्नै आमा मिता थापाको निर्मम हत्या गरेको थियो। उक्त जानकारी दार्जिलिंग पुलिसले आफ्नो आधिकारीक सामाजिक संजाल मार्फत आज दिएको छ। हत्या कै एक अन्य मामिलामा दार्जिलिंग सत्र न्यायालयले 2024 को लेबोंग गिंग कमानमा शान्ती गुरूंगको निर्मम हत्या आरोपी पुण्य प्रकाश गुरूंगलाई दोषी ठहराउँदै आजीवन कारावसको सजाय सुनाएको छ। दार्जिलिंग पुलिसले अपराध र अपराधीहरूमाथि लगाम कस्न लदैव

तत्पर रहेको भन्दै पुलिसको जाँच अधिकारीहरूको अथक प्रयासले दोषीलाई सजाय दिलाउन सकिएको बताएको छ।

**सिटोङमा विश्व पर्यटन दिवस**

सिटोङमा विश्व पर्यटन दिवसको अवसरमा विभिन्न कार्यक्रमहरू आयोजना गरियो। यसै अवसरमा United Sittong Homestay Welfare Society को वार्षिक साधारण सभा सम्पन्न भई नयाँ कार्यसमिति गठन गरिएको छ। सबै सदस्यहरूको निर्णयअनुसार पुरानो समितिलाई पुनः निरन्तरता दिइएको छ। आजको कार्यक्रम बिश्व पर्यटन  दिवसको अवसरमा  सिटोङ एक डायरी गाउँ गोलघरमा संस्थाको अध्यक्ष बिक्रम राईको अध्यक्षता सम्पन्न भयो ।

**मिरिक**

झिलको नगरी मिरिकमा आज मिरिक राङभाङ भेल्ली होमस्टे अनर्स एसोसिएसनको आयोजनामा विश्व पर्यटन दिवस पालन गर्यो। विश्व पर्यटन दिवसको अवसरमा मिरिक पर्यटन केन्द्रको निर्माणको ५० औं बर्ष पुरा भएको अवसरमा एक बिशेष केटलगको अनवारन बयोवृद्ध मन बहादुर छेत्रीको करकलमबाट गरियो। मिरिकको युफोरिया होमस्टे परिसरमा आयोजित कार्यक्रममा मुख्य अतिथिको रुपमा पर्यटन बिभाग जिटिएका कार्यावाहक सभासद ध्रुब बम्जन एबिशिस्ट अतिथिहरुमा पुनम विश्व ए हेमकुमार तामाङ , गोपाल तामाङ , सिके थापा उपस्थित थिए। यस अवसरमा कार्यक्रमबारे एसोसिएसनका सचिव कल्याण राईले दार्जीलिङ पहाडको पर्यटकीय सुन्दरता विश्व बिख्यात रहेको तर जुन भिजन र मिशन लिएर शुरु गरिएको होम स्टेहरुको बर्तमान समयमा रुपरेखा परिवर्तन भएको एवं होमस्टेहरुको स्थिति चिन्ताजनक रहेको बताए द्य  एक रिपोर्ट –

BYTE

**उत्तर 24 परगना सुन तस्कर**

पश्चिम बंगालको उत्तर 24 परगना सीमा सुरक्षा बलका जवानहरूले दुईवटा भिन्दा भिन्दै स्तानमा कारवाहीमा गर्दै झण्डै 2 करोड़ रूपियाको विदेशी सुन बरामद गरेको छ। यस कारवाहीमा विदेशी सुन तस्करी ग्यांगको पनि भंडाफोड़ गरिएको छ। एउटा स्थानबाट सुनको 20 वटा बिस्कुट बरामद गरिएको छ जसको मूल्य 1 करोड़ 29 लाख रूपियाँ अनि अर्को ठाँउबाट पांचवटा सुनको बिस्कुट बरामद गरिएको छ जसको मूल्य झन्डै 81 लाख रूपियाँ रहेको छ। बीएसएफले दुइ तस्करहरूलाई पक्राउ पनि गरेको छ। सीमा चौकी तराली-1 मा बीएसएफलाई भारत-बांग्लादेश सीमानामा सुना तस्कीरको सूचना प्राप्त भएको थियो।

**खरसाङ- पर्यटन दिवस**

आज विश्व पर्यटन दिवसको अवसरमा खरसाङ एसोसिएसन फर टुरिज्म एण्ड कन्जरभेशनद्वारा खरसाङको पर्यटकीय स्थल हनुमान डाँडामा सर सफाई अभियान चलाइएको छ। यस अवसरमा खरसाङ महकुमा शासक आईएएस बिन्दबासिनी तेजा दिपकए खरसाङ नगरपालिकाको कार्यकारी अधिकारी कैलाश प्रसाद र कर्मचारीहरुए खरसाङ एसोसिएसन फर टुरिज्म एण्ड कन्जरभेशनका पदाधिकारीहरु र सदस्यहरु उपस्थित भएर सर सफाई गरिएको छ।

**गुड्रिक ग्रुप**

गुड्रिक ग्रुप लिमिटेड अधिनस्थ थर्बु चिया कमानका चिया श्रमिकहरूलाई चिया कमानमा कर्म संस्कृति जगेरा गर्ने अभिप्रायले गर्ने गुड्रिक कम्पनीले यसवर्ष सर्वाधिक  हरियो चिया टिप्ने चिया श्रमिकहरूलाई सम्मान सहित पुरस्कृत गरेको छ ।गत २६ सेप्टेम्बर २०२५ को  दिन थर्बु चिया कमानको  श्रमिकहरू जसले यसवर्ष सर्वाधिक हरियो चिया टिपेका थिए उनीहरूलाई प्रत्येक विभागमा पहिलोएदोस्रो र तेस्रो गरेर तीन तीन जनालाई सम्मान सहित गुड्रिक ग्रुप लिमिटेडका भी. ए.जीवन चन्द्र पाण्डेको बाहुलीबाट सम्मानसहित पुरस्कृत गरिएको छ ।पुरस्कार कार्यक्रम थर्बु चिया कमानका प्रबन्धक सुमन दास साथै

सह-प्रबन्धकहरूको उपस्थितिमा थर्बु चिया कमानको कार्यालयमा अनि अठाईस डाँडामा प्रदान गरिएको छ भनी युनियन नेता अजम प्रधानले जानकारी दिएका छन्।

## जोइन्ट फोरम

दार्जीलिंग पहाड़का चिया बगानका श्रमिकहरूको संगठन जोइन्अ फोरमले बोनसलाई लिएर बन्दको अफवाहको खण्डन गरेको छ। फोरमले यस पाली २० प्रतिशत बोनस न्यायसंगत र मान्य रहेको बताएको छ। फोरमका कार्यकारी सदस्य सुनिल राईले कतिपय कुतत्वहरूले बोनस न्याय संगत नरहेको भन्दै पहाड़ बन्द गर्ने कुराहरू सामाजिक संजालमा फैलाएको भन्दै फोरम यस पालीको बोनससित पूर्णरूपले सन्तुष्ट रहेको बताएको छ। यस्ता कुतत्वहरूलाई चिन्हित गरी पक्राउ गर्ने माग पनि दार्जीलिंग पुलिससित गरिएको छ।

## दार्जीलिङ पहाड़ अवैध निर्माण

दार्जीलिंगमा भइरहेको अवैध निर्माणहरू प्रति गम्भीर चिन्ता व्यक्त गर्दै पिपल्स फोरमले यस्तो अवैध निर्माण तत्काल बन्द हुनु पर्छ भन्ने फेरी आफनो माग दोहोराएको छ। पिपल्स फोरमले दार्जीलिंग पहाड़ भूकम्प प्रोन जोनमा रहेकोले हाई राइस बिल्डिंगहरू यहाको पर्यावरण तथा मानिसहरूका लागि खतरनाक हुन जाने बताएको छ। उत्तराखण्ड, काश्मीर जस्ता हिमस्खल अथवा भूकम्पको खतराले कुनै पनि बेला विनाश निम्ताउन सक्छ। अवैध निर्माण बारे राज्यको मुख्यमन्त्री ममता ब्यानर्जी, राज्यपाल डा. सी.बी आनन्द बोसलाई पत्रचार गरेको फोरमका महासचिवले बताएका छन्।

## लद्दाख डीजीपी

लद्दाखका डीजीपी एस डी सिंह जामवालले एउटा ठूलो खुलासा गर्दै सोनम वांगचुक पाकिस्तानसितको निकट संबंधमा रहेको बताएका छन्। डीजीपी वांगचुकले गरेको छिमेकी देशहरूको यात्राहरूलाई लिएर पनि चिंता व्यक्त गर्नु भएको छ। लेहमा एउटा प्रेस कॉन्फ्रेंसमा बोल्दै, डीजीपीले भन्नु भयो लद्दाक पुलिसले एक जना पाकिस्तानी खुफिया अधिकारीलाई गिरफ्तार गरेको थियो जसको सम्पर्क कथित तवरमा वांगचुकसित रहेको खुलासा भएको छ।

## सोलर लाइट जडान

खरसाङ महकुमा अन्तर्गत टुंग सन्त मेरिज समष्टिका ़ सन्त मेरिजदेखि खहरेसम्म सोलर लाइट जडान गर्ने कार्य शुरु गरिएको छ। उक्त सोलर लाइट जडान गर्ने कार्य क्षेत्रीय सभासद नुरी शेर्पाए सभासद श्याम शेर्पाए लगायत विभागीय प्रतिनिधिहरुको उपस्थितिमा उक्त सोलर लाइट जडान गर्ने कार्य सम्पन्न गरिएको जानकारी खरसाङ पञ्चायत समितिका कर्माध्यक्ष बीरेन तामाङले दिएका छन्